गण्डकी गाउँपालिका

**Gandaki Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of the Rural Municipal Executive

भुम्लीचोक, गोरखा (Bhumlichok, Gorkha)

गण्डकी प्रदेश, नेपाल (Gandaki Province,Nepal)

प.सं:(DispatchNo.) : ०८०/८१

च नं.(Ref.No) : ११५२

मिति(Date) : २०८०/०८/१५

श्री श्रेष्ठ पाण्डव ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.,
धादिङ ।

**विषयः सम्झौता गर्न आउने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा, यस गण्डकी गाउँपालिकामा Upgrading of Batase-Aamdada-Gairichautara-Dhabe Road कार्य ठेक्का प्रक्रिया मार्फत गर्ने सन्दर्भमा प्रकाशित ठेक्का नं. GRM/WORKS/NCB/04/2080/81 अनुसारको सूचना बमोजिम पर्न आएको बोलपत्र मध्ये त्यस फर्मको नामवाट पेश हुन आएको कवोल अंक (भ्याट सहित) रु.४२,९३,३६१।८९ (बयालिस लाख त्रियानब्बे हजार तीन सय एकसट्ठी रुपया पैसा आठ नौ) मात्र भएको बोलपत्र न्यूनतम मुल्याँकित सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्र स्वीकृत गर्न छनौट गरी मिति २०८०/०८/०८ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ७ दिने आशयको सूचना प्रकाशित हुँदा कोही कसैवाट कुनै दावी विरोध हुन नआएकोले कार्यालयको मिति २०८०/०८/१५ को निर्णयानुसार बोलपत्र स्वीकृत गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ को उपदफा ४ बमोजिम त्यस फर्मवाट लागत अनुमानको आधारमा १५ प्रतिशत भन्दा बढी अंक घटेर कवोल गरेको पाईएकोले सो बमोजिम हुने रकम रु.१२,३४,९५७।९४ (बाह्र लाख चौतिस हजार नौ सय सन्ताउन्न रुपया पैसा नौ चार) घटी नहुने गरी सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) को नियम ११० मा तोकिए बमोजिम म्याद समाप्त हुने अन्तिम मितिले कम्तीमा १३ महिना भन्दा बढी अवधि मान्य हुने गरी यस कार्यालयको नाममा वाणीज्य बैंक वा ग्यारेन्टी जारी गर्ने अधिकार प्राप्त वित्तिय संस्थावाट बैंक ग्यारेन्टी बनाई बैंक ग्यारेन्टी पत्रको सक्कलै प्रति सहित पत्रका मितिले १५ (पन्द्र) दिन भित्र सम्झौता गर्न आउनु हुन जानकारी गराईन्छ । तोकिएको समय भित्र र प्रक्रिया पुरा भई सम्झौता गर्न नआएमा प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम भई जाने यसै पत्र साथ सुचित गरिन्छ ।

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत